**अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०४/०७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-**

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी | विशेष अदालतको फैसला र आधार | उल्लिखित आधार लिई विशेष अदालत काठमाण्डौबाट भएको फैसला देहायका आधार, कारणहरुबाट बदर भागी छ. |
|---|---|---|---|---|---|
| १ | महजबी खातुन, सरोज कुमार सिंह, सुभाष पाण्डेय, महेन्द्र कुमार मण्डल, संजय कुमार मण्डल र राकेश कुमार राय मु.नं(०८०-CR-०१६४)फैसला मिति २०८१/०३/०२ | गैरकानुनी लाभ हानी पुऱ्याउने बद्नियतले काम गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>(क) **एकडारा गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार सिंह, इन्जिनियर सुभाष पाण्डेय, योजना शाखा प्रमुख (अधिकृत छैटौं) महेन्द्र कुमार मण्डल र असिस्टेन्ट सव-इन्जिनियर संजय कुमार मंडललाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ख), (ग) र (ङ) विपरीतको कसुर भएकोले निज प्रतिवादीहरु सरोज कुमार सिंह, सुभाष पाण्डेय, महेन्द्र कुमार मण्डल, संजय कुमार मंडललाई बिगो रु.८,६५,१४५/- कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी निज प्रतिवादीहरु सरोज कुमार सिंह, सुभाष पाण्डेय, महेन्द्र कुमार मण्डल, संजय कुमार मंडलबाट बिगो असुल | **अदालतको फैसला**<br>प्रतिवादी मध्येका सुभाष पाण्डेय र संजय कुमार मण्डलले वदनियतपूर्वक प्राविधिक रुपमा स्वीकृत गरी भुक्तानी दिन सिफारिस गरी गाउँपालिकाबाट रकम भुक्तानी हुन गएकोले प्रतिवादीहरु सुभाष पाण्डेय र संजय कुमार मण्डलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिमको कसूर गरेको ठहर गरी प्रतिवादीहरु उपरको बिगो रु.८,६५,१४५।- को दामासाहीले हुने बिगो रु.२,८८,३८१।- कायम गरी निज प्रतिवादीहरुलाई जनही ३ (तीन) महिना कैद र रु.२,८८,३८१।- जरिवाना हुने निज प्रतिवादीहरु सुभाष पाण्डेय र संजय कुमार मण्डल उपरको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ (२) को दावी स्थापित हुन नसक्ने तथा प्रतिवादी मध्ये राकेश कुमार रायले सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको ठहर गरी निज प्रतिवादीलाई बिगो बमोजिम रु.२,८८,३८१।- | **क.** जिल्ला महोत्तरी, एकडारा गाउँपालिका वडा नं. १ अन्तर्गत स-साना सडक ढलान कार्यका लागि श्री जानकी कन्सट्रक्सन, मनरा शिसवा न.पा.-५, महोत्तरीसँग रु.९,५५,४२०।११ मा सम्झौता भई यी प्रतिवादीको मिलेमतोमा सम्झौता बमोजिमको कार्य सम्पन्न भएको भनी एकडारा गाउँपालिकाबाट श्री जानकी कन्सट्रक्सनको खातामा रु.८,६५,१४५/- भुक्तानी दिएकोमा ल्याब परीक्षण प्रतिवेदनमा Average Compressive Strength ४.२६ N/mm² मात्र भएको देखिएको हुँदा निज प्रतिवादीहरुको उक्त बद्नियतपूर्ण कार्यबाट निजहरुलाई गैरकानुनी लाभ पुगेको र नेपाल सरकार/एकडारा गाउँपालिकालाई गैरकानुनी हानिनोक्सानी पुग्न गएको भन्ने आरोपदावी रहेको प्रस्तुत मुद्दामा, गुणस्तरको निर्माण कार्य भए, नभएको समेत चेकजाँच नै नगरी असिस्टेन्ट सव-इन्जिनियर संजय कुमार मंडल, इन्जिनियर सुभाष पाण्डेय, श्री जानकी कन्सट्रक्सनका प्रोप्राइटर राकेश कुमार राय तथा प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार सिंहले गलत नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदन पेस गरे/गराएको, गाउँपालिकाकी उपाध्यक्ष महजबी खातुन, प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार सिंह, इन्जिनियर सुभाष पाण्डेय, योजना शाखा प्रमुख महेन्द्र कुमार मण्डल रहेको योजना अनुगमन समितिले लागत अनुमान बमोजिमको कार्य सम्पन्न भइसकेको भनी योजना अनुगमन प्रतिवेदन पेस गरेको तथा योजना शाखा प्रमुख महेन्द्र कुमार मण्डल र इन्जिनियर सुभाष पाण्डेयले भुक्तानीका लागि पेस गरेको टिप्पणीलाई प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार सिंहले स्वीकृत गरी एकडारा गाउँपालिकाबाट श्री जानकी कन्सट्रक्सनको खातामा रु.८,६५,१४५/- भुक्तानी दिएको देखिएकोमा लागत अनुमानमा M१५ (१:२:४ mix) PCC work in foundation (Including form works) भन्ने गुणस्तर निर्धारण गरिएकोमा आयोगको कार्यालय बर्दिवास, महोत्तरीबाट स्थलगत रुपमा खटिएको प्राविधिक सहितको टोलीले कोर कटिङ गरी संकलन गरिएको नमुनालाई ल्याब परीक्षण गर्दा Average Compressive Strength ४.२६ N/mm² मात्र रहेको प्रतिवेदकहरु आशुतोष ढुंगाना र मान बहादुर कार्की समेतको प्रतिवेदनबाट पुष्टी भएको अवस्थामा उक्त Quality test Report लाई प्रमाणमा ग्रहण नगरी प्रतिवादीहरु महजवी खातुन, सरोज कुमार सिंह र महेन्द्र कुमार मण्डललाई आरोपदावीबाट सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण छ।<br><br>**ख.** प्रतिवादीहरु ईन्जिनियर सुभाष पाण्डेय र असिस्टेन्ट सव-ईन्जिनियर संजय कुमार मंडललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) को कसूरमा कसूरदार ठहर गरी सजाय समेत भएतापनि प्रतिवादीहरु सरोज कुमार सिंह, सुभाष पाण्डेय र संजय कुमार मंडलले गुणस्तर चेकजाँच नै नगरी सम्झौता बमोजिमको कार्य सम्पन्न भएको भनी भुक्तानीको लागि गलत नापी किताव, कार्यसम्पन्न प्रतिवेदन पेश गरेको तथा प्रतिवादीहरु महजवी खातुन, सरोज कुमार सिंह, सुभाष पाण्डेय र महेन्द्र कुमार मण्डलले योजना अनुगमन समितिमा रही, अनुगमन भएको मिति २०८०।०३।२१ भनी लागत अनुमान बमोजिमको कार्य सम्पन्न भइसकेको भनी बद्नियतपूर्वक गलत प्रतिवेदन दिई सो प्रतिवेदन समेतका आधारमा एकडारा गाउँपालिकाबाट श्री जानकी कन्सट्रक्सनको खातामा रु.८,६५,१४५।– भुक्तानी भएको देखिन्छ।योजनाको सम्झौता पत्र, कार्य सम्पन्न प्रतिवेदन, योजना अनुगमन समितिको प्रतिवेदन, गोश्वारा भौचर, स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन समेतबाट पुष्टी भएको अवस्थामा उक्त कार्यमा प्रत्यक्ष संलग्न रहेका प्रतिवादीहरु महजवी खातुन, सरोज कुमार सिंह, सुभाष पाण्डे, संजय कुमार मंडल र महेन्द्र कुमार मण्डललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा सफाई दिने गरी भएको फैसला बदरभागी छ। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | उपर हुन तथा निज प्रतिवादीहरु सरोज कुमार सिंह, सुभाष पाण्डेय, महेन्द्र कुमार मण्डल, संजय कुमार मंडललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) विपरीतको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना समेतको सजाय हुन मागदावी लिइएको देखिन्छ।<br>(ख) **एकडारा गाउँपालिकाकी उपाध्यक्ष महजबी खातुनलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) विपरीतको कसुर भएकोले निज प्रतिवादी महजबी खातुनलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको कैद र जरिवाना समेतको सजाय हुन मागदावी लिइएको देखिन्छ।<br>(ग) **श्री जानकी कन्सट्रक्सन, मनरा शिसवा न.पा.-५ महोत्तरीका प्रोप्राइटर राकेश कुमार रायलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) विपरीतको | जरिबाना हुने र निजबाट सम्झौता बमोजिमको बिगो रु.८,६५,१४५।- असुल उपर हुने ठहर्छ। प्रतिवादी महजबी खातुन, सरोजकुमार सिंह र महेन्द्र कुमार मण्डल उपरको दावी पुष्टि हुन नसकी निज प्रतिवादीहरुले आरोपदावीबाट सफाई पाउने ठहर्छ भनी फैसला भएको छ।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>**क.** ढलान कार्य गर्दा के कति भाग सिमेन्ट, गिट्टी र बालुवाको भाग मिश्रण गर्नु पर्छ भन्ने प्राविधिक ज्ञान नभएका र सोको लागि निर्माणको क्रममा निर्माण स्थलमा नखटिने, कार्य सम्पन्न भैसकेको निवेदन परेपछि अनुगमन गर्ने तथा कार्यलयमा पेश भएका कागजातहरु मात्र चेकजाँच गरी स्वीकृती दिई भुक्तानी दिने कार्यमा संलग्न प्रतिवादीहरु सरोज कुमार सिंह, महेन्द्र कुमार मण्डल र महजबी खातुन उपरको आरोपदाबी ठोस र बस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसकेको।<br>• प्रतिवादीद्वय सुभाष पाण्डेय र संजय कुमार मण्डलले निर्धारित गुणस्तर भन्दा कम | **ग.** प्राविधिक जाँचको विषयमा निजहरुलाई जानकारी नै नहुने भएकोले सफाई दिने ठहर गरी भएको फैसलामा उल्लिखित निर्णयाधारको हकमा हेर्दा, महजवी खातुन गाउँपालिका उपाध्यक्ष, सरोज कुमार सिंह गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, महेन्द्र कुमार मण्डल गाउँपालिकाका योजना शाखा प्रमुख रही प्राविधिक ब्यक्ति नभएतापनि निजहरुलाई योजना अनुगमनको जिम्मेवारी रहेको देखिन्छ। निजहरुले योजना अनुगमन गर्दा नापी किताब अनुसार को छ छैन? फिल्डमा गई प्राविधिक समेतसंग नापजाँच गरी देखिएको बस्तुस्थिति अनुगमन प्रतिवेदनमा खुलाउनु पर्नेमा सो कार्य यी प्रतिवादीबाट भएको छैन भने अर्को तर्फ निज प्रतिवादीहरुले अदालतमा वयान गर्दा समेत योजनामा राम्रोसंग काम भएको छ नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याउने गरी कुनै कार्य गरेको छैन भन्ने समेत ब्यहोरा उल्लेख गरी नभएको कामलाई भए गरेको छ भनि पुष्टि गर्न खोजेको देखिन्छ। यी प्रतिवादीले आफ्नो पदीय जिम्मेवारी पुरा नगरी प्राविधिक कार्य भनि भ्रष्टाचारजन्य कार्यमा (Doctrine of Dereliction of Duty) आँखा चिम्लने सहयोग गर्ने कार्य गरेको तथ्य पुष्टि भएको छ।<br><br>**घ.** प्रतिवादीहरु गाउँपालिका उपाध्यक्ष महजवी खातुन, प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार सिंह र योजना शाखा प्रमुख महेन्द्र कुमार मण्डललाई योजनाको प्रारम्भ देखि अन्तिम भुक्तानी सम्मको विभिन्न काममा जिम्मेवारी (Duty and Obligation) तोकिएको पाईन्छ। Public Authority बहन गर्न यी प्रतिवादीहरुले Public Trust Doctrine अनुसार पदको दुरुपयोग नगरी जनहित, पारदर्शिता र उत्तरदायीपूर्ण तरिकाले कार्य गर्नुपर्ने हुन्छ। नापजाँच गर्दा विवरण उल्लेख गरेको छ छैन सोको Cross Checking गरी अन्तिम भुक्तानी दिने दायित्व यि प्रतिवादीहरुमा रहेकोमा Doctrine of Conspiracy को सिद्धान्त अनुसार प्रत्यक्ष प्राविधिक भूमिका नभएपनि भ्रष्टाचारजन्य कार्यमा योजना मिलेमतो गरी Failure to do one's duty of obligation पनि Corruption को सुक्ष्मरुपमा भएकोले उक्त योजनामा नापी किताबमा उल्लेख भए अनुसारको काम नभएको तथ्य पुष्टि भई रहेको अवस्थामा Pyramid Structure मा निर्णयमा संलग्न रहेको यि प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br><br>**ङ.** अनुसन्धानका क्रममा प्रतिवेदक आशुतोष ढुंगानाले मिति२०८०।०५।२७ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट गरेको प्रारम्भिक अध्ययनको स्थलगत नापजाँच तथा प्राविधिक प्रतिवेदन र मिति२०८०।०४।३० गतेको स्थलगत मुचुल्कालाई समर्थन गरी महोत्तरी जिल्ला एकडारा गाउँपालिका वडा नं. १ अन्तर्गत स-साना सडक ढलान योजना उपर परेको उजुरीको सम्बन्धमा स्थलगत अनुगमन तथा नापजाँच कार्य गर्न जाँदा गुणस्तर कम हुन सक्ने देखिएको हुँदा स्थलगत रुपमा कोर कटिङ्ग गरी त्यसको ल्याब टेष्ट समेत गराई प्रतिवेदन पेश गरिएको हो भनी अदालत समक्ष गरेको वकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा दफा १८ र २० बमोमजिम प्रमाणमा लिन मिल्ने नै देखिदा देखिदै उक्त प्रमाणको वेवास्ता गरी गलत नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन पेश गरे/गराएको, गाउँपालिकाकी उपाध्यक्ष महजबी खातुन, प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार सिंहलाई कसूरबाट पूर्ण सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण छ।<br><br>**च.** असिस्टेन्ट सव-इन्जिनियर संजय कुमार मंडल, इन्जिनियर सुभाष पाण्डेय, श्री जानकी कन्सट्रक्सनका प्रोप्राइटर राकेश कुमार राय तथा प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार सिंहले गलत नापी किताब तथा कार्यसम्पन्न प्रतिवेदन पेश गरे/गराएको, गाउँपालिकाकी उपाध्यक्ष महजबी खातुन, प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार सिंह, इन्जिनियर सुभाष पाण्डेय, योजना शाखा प्रमुख महेन्द्र कुमार मण्डल रहेको योजना अनुगमन समितिले लागत अनुमान बमोजिमको कार्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कसुर भएकोले बिगो रु.८,६५,१४५।- कायम गरी निज प्रतिवादी राकेश कुमार रायलाई सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी बिगोसमेत जफत हुन मागदावी लिएको देखिन्छ | गुणस्तरको निर्माण सामग्री प्रयोग गरेको वा प्रयोग गर्न अनुमति दिएको वा त्यस्तो सामग्री प्रयोग गरेकोमा निर्धारित गुणस्तरको हो भनी प्रमाणित गरेको वा स्वीकृत दिएको भन्ने देखिन नआएको र निजहरुले गुणस्तरीय कार्य भएको छ भन्ने प्रतिवेदन दिएको नभई भौतिक कार्यको कार्य सम्पन्न प्रतिवेदन सम्म दिएको देखिएको | सम्पन्न भइसकेको भनी योजना अनुगमन प्रतिवेदन पेस गरेको तथा योजना शाखा प्रमुख महेन्द्र कुमार मण्डल र इन्जिनियर सुभाष पाण्डेयले भुक्तानीका लागि पेस गरेको टिप्पणीलाई प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार सिंहले स्वीकृत गरी एकडारा गाउँपालिकाबाट श्री जानकी कन्सट्रक्सनको खातामा रु.८,६५,१४५।- रकम भुक्तानी दिएको कार्यलाई सार्वजनिक सम्पतिको गैरकानूनी लाभहानी गरेको कसूर गरेको ठहर गरी जानकी कन्सट्रक्सनका प्रोप्राइटर राकेश कुमार राय लगायत सव-इन्जिनियर संजय कुमार मंडल, इन्जिनियर सुभाष पाण्डेयलाई आँशिक सजाय समेत भएको अवस्थामा केही प्रतिवादीहरु प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार सिंह र गाउँपालिकाकी उपाध्यक्ष महजबी खातुनलाई सफाई दिने ठहर गरी भएको त्रुटीपूर्ण फैसला बदर गरी पाउँ।<br><br>अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुलाइ हेर्दा, यी प्रतिवादीहरु महजबी खातुन, सरोज कुमार सिंह, सुभाष पाण्डेय, महेन्द्र कुमार मण्डल र संजय कुमार मण्डललाई आरोपदावी बमोजिमको कसूरमा कसूरदार ठहर नगरी भएको बिशेष अदालतको फैसला त्रुटिपुर्ण देखिएकोले उक्त फैसला वदर गरी आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ |